श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.**५**/**८१२१२**/**९१**(हातहतियार)

दर्ता मिति :- **२०६८/१०/०२ र २०६९/०१/१०**

मुद्दा :- हातहतियार खरखजाना ।

निर्णय नं.६५० , मिति :- **२०७०**/१०/१३

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**..................१ | जिल्ला धादिङ्ग, किरानचोक गा.वि.स. वडा नं. ७ बस्ने रुतलबहादुर लामाको छोरा बर्ष २४ को सुरेश लामा भन्ने सुरेशबहादुर लामा.........१ |
| निजको प्रमाण.................................. | ऐ.ऐ वडा नं.५ बस्ने ललितबहादुर तामाङ्गको छोरा अनिल लामा भन्ने राजकुमार तामाङ्ग.................................................................. .१ |
| साक्षी............................................ | जिल्ला ओखलढुङ्गा,पलापु गा.वि.स.वडा नं.९ बस्ने रनमान राईको छोरा वर्ष २५ को श्याम राई भन्ने संजिव राई....................................१ |
| कागज.......................................... | निजको प्रमाण ................................................................... |
| | साक्षी ............................................................................ |
| | कागज ........................................................................... |

यस कार्यालयबाट बुझेको

प्रमाण...........................................

साक्षी..........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०६८/०९/०७ गतेका दिन अं.१७.१५ बजेको समयमा का.जि.,थानकोट गा.वि.स. वडा नं.८ को त्रिभुवन पार्क स्थित अनिल लामाको साथबाट गस्तीमा रहेको प्रहरी टोलीले सिक्सर रिभल्वर थान-१ र ऐ. मा प्रयोग हुने गोली राउण्ड ४ फेला परेको हुदा उक्त हातहतियार वरामद गरी निज अनिल लामा र संगै रहेका सुरेश लामा समेतलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरेको भन्ने समेत व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. करिव ७ महिना अघि काम गरेको पैसा लिन भनि श्याम राईले मिति २०६८/०९/०७ गते साँझ १७.०० बजेको समयमा बोलाएकोले म र ज्यामी काम गर्ने क्रममा चिनजान भएको साथी अनिल लामा भई गई श्याम राईलाई भेट्दा निज श्याम राईले मसँग पेस्तोल त्रिभुवन पार्कमा विशाल भन्ने मेरो भाई छ, उसलाई लगि देउ,तिमिलाई रु २०,०००।- दिन्छ लिएर आउ त्यस पछि काम गरेको पैशा पनि दिन्छु भनेकोले नमानी हिडेको, केही समय पछि श्याम राईले त्रिभुवन पार्कमा आउ भनेकोले पैशा दिने होला भनी गई भेट्दा अनिल लामा पैशा लिन गएको छ हेरेर आउ भनेको हुदा म अनिल लामालाई बोलाउन जादा सिभिलमा रहेका प्रहरीले श्याम भन्ने को हो ? भनि सोधेकाले हामीहरुले निजलाई देखाई दिदा निज भागी गएको र हामीहरुलाई पक्राउ गरी अनिल लामाको साथमा भएको १ थान पेस्तोल र गोली ४ राउण्ड फेला पारी पक्राउ गरी ल्याएको हो । निज श्याम राईले विशाल भन्नेलाई लगि दिनु भनि मलाई भनेकोमा नमाने पछि अनिल लामालाई दिई पठाएको अवस्थामा पक्राउ गरी ल्याएको हो,सो समयमा केही पैशा आउछ भनेकोले हुन्छ भनी तत्काल साथी भएको हुँ भन्ने समेत व्यहोराको मिति २०६८/०९/१९ मा **प्रतिवादी सुरेश लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

३. मिति २०६८/०९/०७ गते साँझ अं १७ बजेको समयमा सुरेशले मलाई फोन गरी श्याम भन्ने व्यक्तिसँग पैशा लिनु छ,पैशा लिन बोलाएको छ भनी भनेकोले दुवै जना थानकोट बसपार्कमा गई भेट्दा साथी सुरेश लामालाई उक्त वरामद भई आएको हतियार तथा गोली त्रिभुवन पार्कमा लगि विशाल राईलाई देउ, तिमीलाई पैशा दिन्छ अनि तिम्रो पैशा पनि दिन्छु भनेकोले निज सुरेश लामाले मानेन र निज श्याम राईले मलाई रु १०,०००।- दिन्छु, यो पेस्तोल लगेर त्रिभुवन पार्कमा मेरो चिनेको साथी विशाल राई आउछ, उसलाई दिनु, उसले तिमीलाई रु २०,०००।- दिन्छ लिएर आउनु भनेको हुदा म र श्याम राई भई त्रिभुवन पार्कमा गयौ र निज श्याम राई केही तल बस्यो र मलाई सो पेस्तोल दिएर पैशा लिएर आउनु भनि पठाएको हुदा म उक्त सामान लिएर गए , निज विशाल राई समेत २ जना आएका थिए, मैले उक्त पेस्तोल दिन लाग्दा प्रहरीले पक्राउ गरेको हो, सोही समयमा निज सुरेश लामाले मलाई बोलाउन भनि आएको हुदा निजलाई समेत पक्राउ गरेको हो, निज श्याम राई विशाल राई र विशाल राईसँग आएको एक जना सोही समयमा नै हामीहरुलाई पक्राउ गरेको देखी भागी गएका हुन्, सो हतियार साथी श्याम राईले विक्री गर्न भनि दिएको हो । सो रकमबाट मलाई रु १०,०००।- दिन्छु भनेको थियो भन्ने समेत व्यहोराको मिति २०६८/०९/१९ गतेको **प्रतिवादी अनिल लामा भन्ने राजकुमार तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।**

४. हातहतियार तथा गोली सहित पक्राउ परी आएका पक्राउ प्रतिवादी अनिल लामा भन्ने राजकुमार तामाङ्ग समेतको वयानको क्रममा उक्त हातहतियार खरखजाना फरार रहेका श्याम राई नाम वताउने व्यक्तिले विशाल राई भन्नेलाई दिन भनी पठाएको भनी खुलाई लेखाई दिएको हुदा निज श्याम राई र विशाल राईलाई खोजतलास गरी फेला परेमा यस कार्यालयमा दाखिला गराई दिन हुन भन्ने समेत व्यहोराको महानगरीय प्रहरी प्रभाग थानकोटलाई लेखेको पत्र ।

५. बरामद भई आएको पेस्तोल Local Made ( home made ) revolver भएको र सो मा ०.३८० इन्चको गोली फायर हुने रिभल्वर भएको र गोलीहरु चारवाटा जिवी भएको भन्ने व्यहोराको बरामद भएको हतियारको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला,महाराजगन्ज काठमाण्डौको पत्रसाथ प्राप्त हतियार परीक्षण प्रतिवेदन ।

६. उल्लेखित वारदात मिति र समयमा म कलंकीबाट का.जि. थानकोट गा.वि.स.वडा नं.८ त्रिभुवन पार्क तर्फ जाने क्रममा हाल नाम थाहा भएका प्रतिवादी अनिल लामा र सुरेश लामालाई पक्राउ गरेको रहेछ, निजहरुलाई पक्राउ गरेको सम्वन्धमा बुझ्दा निज प्रतिवादीहरुले रिभल्वर र गोली समेत साथमा लिई हिडेको अवस्थामा फेला पारेको भनि प्रहरीबाट थाहा पाएको हुँ । निज प्रतिवादीहरुले उक्त अवैध हातहतियार खरखजाना लिई थानकोट, कलंकी लगायतका एरियामा लुटपाट गर्ने गरेको र मानिस मार्ने अपराधिक कार्यमा समेत प्रयोग गर्ने, विभिन्न डकैती कार्यमा प्रयोग गर्ने गरेको र निजहरुको अन्य साथीहरु समेत सो कार्यमा संलग्न रहेको भन्ने थाहा भयो । यस्तो अपराधिक मनसाय भएका खराव प्रवृत्तिका व्यक्तिहरु भएको हुदा उक्त समयमा निज प्रतिवादीहरुले के कसरी लिई आई के कुन उद्धेश्यले साथमा लिई हिडेका हुन थाहा भएन भन्ने समेत व्यहोराको बुझिएका मानिस रवि श्रेष्ठ समेतले गरी दिएको घटना विवरण कागज ।

७. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी सुरेशबहादुर लामा र राजकुमार तामाङ्गलाई मिति २०६८/०९/०७ गतेका दिन का.जि.थानकोट गा.वि.स.वडा नं.८ स्थित त्रिभुवन पार्क स्थित सार्वजनिक स्थानबाट प्रहरीले फेला पारी निजको साथबाट रिभल्वर थान-१ र ऐ मा फिट हुने गोली राउण्ड-४ समेत बरामद भएको हुदा, निज प्रतिवादी सुरेशबहादुर लामा र राजकुमार तामाङ्गले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२) र (५) विपरितको कसूर गरेको हुदा निज प्रतिवादीहरु उपर सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय हुन र बरामद भएको पेस्तोल थान-१ र सो मा फिट हुने गोली राउण्ड थान-४ सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई मिति २०६८/१०/०२ मा **अभियोग-पत्र प्रस्तुत भएको ।**

८. मैले सुरेश राई र विशाल राईलाई पनि चिन्दिन,श्याम राईले विशाल राईलाई दिनु भनी हतियार दिन खोज्दा मैले त्यस्तो काम गर्दिन भने, मैले नमाने पछि प्रतिवादी मध्येका राजकुमार लामाले वरामद भएको हातहतियार विशाल राईलाई दिएका हुन भन्ने सुनेको हुँ । राजकुमारले विशाल राईलाई हा.ह.दिन जादा श्याम राईले मलाई फोन गरी राजकुमारलाई लिएर आउ भनेको थियो । सिभिलमा आएका पुलिसहरुले हामीलाई पक्राउ गरी मुद्दा चलाएको हो । मैले वरामदी भएका हा.ह.ख.ख.बोकी हिडेको पनि होइन । म सँग वरामद भएको पनि होइन अभियोग झुट्ठा हो, सफाई पाउँ भन्ने समेत व्यहोराको **प्रतिवादी सुरेशबहादुर लामाले यस कार्यालयमा गरेको वयान ।**

९. प्रहरीमा मैले र सुरेशले गरेको वयानको व्यहोरा देखे र सुने, मेरो वयानमा भएको सहीछाप मेरो नै हो,व्यहोरा पनि मैले भने बमोजिम नै छन् । साथी सुरेशको वयान पनि ठीक छ । मेरो साथी सुरेश लामाको श्याम राईसँग पैशा लिनु पर्ने रहेछ । निजले सँगै जाउँ भनेकाले म पनि गएको थिए । श्याम राइले उ सँग भएको पेस्तोल(रिभल्वर ) र गोली त्रिभुवन पार्कमा गएर विशाल भन्ने व्यक्तिलाई देउ, निजले २० हजार दिन्छ,भनेकोमा मेरो साथी सुरेशले मानेन र निज श्यामले मलाई रु १०,०००।- दिन्छु तिमी पुर्‍याई देउ भनेकाले मैले सो पैशा पाउने लोभमा त्यो हतियार र ४ राउण्ड

गोली बोकी त्याहाँ पुऱ्याउन गएको वेला सादा पोशाकका प्रहरीले मलाई पक्राउ गरेका हुन, मलाई पक्राउ गरी सके पछि सुरेशले मलाई बोलाउन आउदा मलाई सँगै उसलाई पनि पक्राउ गरेको हो, हतियार दिने श्याम र लिने विशाल भन्ने पनि त्याहा थिए,हामीलाई पक्राउ गर्ने वित्तिकै निजहरु भागेका हुन भन्ने समेत व्यहोराको **प्रतिवादी अनिल भन्ने राजकुमार तामाङ्गले यस कार्यालयमा गरेको वयान ।**

१०. यसमा मिति २०६८/०९/०७ मा प्रतिवादी अनिल लामा भन्ने राजकुमार तामाङ्गको साथबाट रिभल्वर-१ र गोली-४ वरामद भएको र अर्का प्रतिवादी सुरेश ब.लामा निजको साथमा रहेका भन्ने वरामदी मुचुल्का भएकोमा दुवैजना प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष वयान गरेको तथा वरामदी मुचुल्काको व्यहोरालाई प्रतिवादी अनिल भन्ने राजकुमार तामाङ्गले यस कार्यालयमा वयान गर्दा समेत स्वीकार गरी लेखाएका र अर्का प्रतिवादी सुरेश लामाले पनि सो हतियार गोलीहरु अनिल भन्ने राजकुमार तामाङ्गबाट वरामद भएको हो भनि आफु समेत सामानहरु वरामद हुदा रोहवरमा रहेको कुरा साविति रही यस कार्यालयमा बयान गरेको देखिदा यी दुवैजना प्रतिवादीहरुलाई पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ (क) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने व्यहोराको **यस कार्यालयबाट मिति २०६८/१०/०३ गतेमा भएको थुनछेक आदेश ।**

११. प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी सुरेश लामा समेत भएको हातहतियार खरखजाना मुद्दामा मिति २०६८/०९/०७ गते पक्राउ परेका प्रतिवादीहरुले आफ्नो वयानमा पोल गरी हालसम्म फरार रहेका प्रतिवादी श्याम राई भन्ने संजिव राईलाई थानकोट बजारमा डेरा गरी बसेको अवस्थामा फेला पारी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

१२. आफ्नो वयानको क्रममा खुलाई दिएका व्यक्ति संजिव भन्ने श्याम राई हुन् । निजले नै मिति २०६८/०९/०७ गते साँझ ७.१५ बजेको समयमा का.जि.थानकोट त्रिभुवन पार्क स्थितमा सिक्सर रिभल्वर र सो ४ राउण्ड गोली दिएका हुन्, निजलाई हेरी चिनी सनाखत गरिदिएको भन्ने व्यहोराको सुरेशबहादुर लामाले गरी दिएको सनाखत कागज ।

१३. पूर्व चिनजानका साथी विनोद थापामगर मिति २०६८/०९/०७ गते साँझ १६.०० बजे मैले संचालन गरेको ओम साईराम सगरमाथा कला केन्द्रमा आई पेस्तोल र गोली ४ राउण्ड दिई नृत्य सिक्ने भाईहरु आउछन्, निजहरुलाई दिनु रु १०,०००।- दिन्छु भनेकोले पैशाको लोभमा परी लिई राखेकोमा पछि निज विनोदले भनेका साथी अनिल लामा र सुरेश लामा आई विनोदले राख्न दिएको उक्त हतियार मागेकोले दिई पठाएकोमा पछि साथी विनोद थापामगरले फोन गरी त्रिभुवन पार्कमा आउनु भनेकोले पुग्दा प्रहरीले सुरेश लामा र अनिल लामालाई पेस्तोल तथा गोली सहित पक्राउ गरेको र विनोद थापामगर समेत भागी गएकोले म समेत भागी थानकोट स्थित दिदीकोमा गई बसी भोलिपल्ट पोखरामा आफ्नो काममा गएको हुँ । पछि पुरानो भई सक्यो प्रहरीले पक्राउ गर्दैन होला भन्ने सोची आई बसेकोमा मिति २०६८/१२/१४ गते डेरा कोठबाट पक्राउ गरेको हो भन्ने समेत व्यहोराको **प्रतिवादी श्याम राई भन्ने संजिव राईले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।**

१४. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी सुरेशबहादुर लामा र राजकुमार तामाङ्गलाई मिति २०६८/०९/०७ गतेका दिन का.जि.थानकोट गा.वि.स.वडा नं.८ स्थित त्रिभुवन पार्क स्थित सार्वजनिक स्थानबाट प्रहरीले फेला पारी निजको साथबाट रिभल्वर थान-१ र ऐ मा फिट हुने गोली राउण्ड-४ समेत बरामद भएको,पक्राउ पछि निज प्रतिवादी सुरेशबहादुर लामा र राजकुमार तामाङ्गले सो हतियार उक्त स्थानमा लगि विशाल राईलाई दिन भनि श्याम राई भन्ने संजिव राईले राजकुमार तामाङ्गलाई दिएको भन्ने सुरेशबहादुर लामा र राजकुमार तामाङ्गको वयान र मिति २०६८/१२/१४ पक्राउ परेका श्याम राई भन्ने संजिव राईले मेरो चिनजानको साथी विनोद थापामगर मैले संचालन गरेको नृत्य केन्द्रमा आई नृत्य सिक्ने भाईहरु आउछन् दिनु भनेर मलाई दिएको र प्रहरीले सुरेशबहादुर लामा र राजकुमार तामाङ्गलाई पक्राउ गरेपछि म र विनोद थापामगर समेत भागेको भनी पहिला पक्राउ परेका प्रतिवादी सुरेशबहादुर लामा र राजकुमार तामाङ्ग समेतले गरेको वयान समेतका आधारमा पछि पक्राउ परेका प्रतिवादी श्याम राई भन्ने संजिव राईको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२) विपरितको कसूर भएको हुदा निज उपर सोही ऐनको दफा २०(२) (क) तथा २०(३) (क) बमोजिम सजाय हुन मागदावी लिई मिति २०६९/०१/१० मा **पुरक अभियोग-पत्र प्रस्तुत भएको ।**

१५. मेरो नाम श्याम राई भन्ने संजिव राई नभई संजिव राई नै हो,अन्य प्रतिवादीहरुलाई मैले चिनेकै छैन,तसर्थ मैले अरुलाई दिन पठाउने कुरै भएन,मेरो भनी खुलाईएको पेस्तोल-१ र गोली-४ मेरो होइन,वारदात भएको भनिएको मिति

२०६८/०९/०७ गतेका दिन मिलन आलेद्धारा निर्मित लोकगितको छायाङ्कनको लागि निर्माता गायक मिलन आले,म र छाँयाकार अशोक सुनुवार सहितको लगभग ६ जनाको टोली सहित पोखरामा थियौं । मिति २०६८/०९/०५ गते प्राइभेट बसवाट पोखरा गई मिति २०६८/०९/१२ गते मात्र काठमाण्डौं फर्केको हो । तसर्थ वारदात मिति र स्थानमा म आफू संलग्न छैन । उक्त कार्यक्रमको गितको सि.डि.पछि कार्यालयमा पेश गर्नेछु, आफु उक्त घटनामा संलग्न नरहेको साथै मैले यस अघि प्रहरीमा गरेको भनिएको प्रहरी समक्ष भएको वयानमा उल्लेखित व्यहोरा मलाई पढ्न र सुन्न समेत नदिई सहीछाप गर भनेकाले गरी दिएको हुँ । त्यसमा मेरो व्यक्तिगत वाहेक सवै विवरण असत्य छ भनि यस कार्यालयम **प्रतिवादी संजिव राईले गरेको वयान ।**

१६. यसमा प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री कमलेश द्विवेदीले प्रस्तुत गर्नु भएको बहस समेत सुनियो साथै प्रतिवादी श्याम राई भन्ने संजिव राई मिति २०६८/०९/०७ मा प्रतिवादी अनिल लामा भन्ने राजकुमार तामाङ्गको साथबाट रिभल्वर-१ र गोली-४ वरामद भएको र अर्का प्रतिवादी सुरेश ब.लामा निजको साथमा रहेका भन्ने वरामदी मुचुल्का भएकोमा दुवैजना प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष वयान गरेको तथा वरामदी मुचुल्काको व्यहोरालाई प्रतिवादी अनिल भन्ने राजकुमार तामाङ्गले यस कार्यालयमा वयान गर्दा समेत स्वीकार गरी लेखाएका र अर्का प्रतिवादी सुरेश लामाले पनि सो हतियार र गोलीहरु अनिल भन्ने राजकुमार तामाङ्गबाट वरामद भएको हो भनि आफु समेत सामानहरु वरामद हुदा रोहवरमा रहेको कुरा साविति रही यस कार्यालयमा बयान गरेको देखिदा र अनिल लामा भन्ने राजकुमार लामाले आफुलाई हतियार दिने व्यक्ति श्याम राई भन्ने संजिव राई यीनै हुन भनि सनाखत समेत गरी दिएको, निज संजिव राईले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा समेत उक्त हतियार आफुले विनोदलाई राख्न दिई मेरा साथी आएपछि दिनु भनि भने अनुसार पछि राजकुमार तामाङ्ग र सुरेशबहादुर लामा आएपछि विनोदबाट हतियार प्राप्त गरी त्रिभुवन पार्कमा आउदा हतियार लिएका प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको देखी विनोद र म समेत भागी दिदीको घरमा गई भोलिपल्ट पोखरा गई बसेको भनि वयानमा खुलाएको हुदा निज प्रतिवादी संजिव राइलाई पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ (क) बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने व्यहोराको **यस कार्यालयबाट मिति २०६९/०१/१२ गतेमा भएको थुनछेक आदेश ।**

१७. प्रतिवादी संजिव राईलाई म ५-६ वर्ष देखी चिन्दछु,निजको चरित्र आचरण राम्रो छ, प्रतिवादी मिडियामा राम्रो काम गर्दै आएका छन्, निजबाट त्यस्तो नराम्रो काम गरेको मलाई थाहा छैन,प्रहरी प्रतिवेदन अनुसार निजलाई सजाय हुनु पर्ने होइन, निजलाई लगाइएकोआरोप झुट्ठा हो भनि प्रतिवादी संजिव राईका साक्षी अशोक सुनारले यस कार्यालयमा गरेको **बक-पत्र ।**

१८. मिति २०६८/०९/०७ गते प्र.अनिल लामा र प्र.सुरेश लामा एकसाथ भएको अवस्थामा निजहरुको खानतलासी गर्दा प्र.अनिल लामाको साथबाट सिक्सर रिभल्वर थान १ र गोली राउण्ड ४ वरामद भएकोले निजहरुलाई पक्राउ गरी तत्काल वरामदी मुचुल्का उठाइएको र म समेतले निजहरु उपर कानून बमोजिम कारवाही हुन संयुक्त प्रतिवेदन गरेका हौ, अतयव प्रतिवादीहरु उपर कानून बमोजिम सजाय हुनु नै पर्ने हो भन्ने वादी पक्षका साक्षी कुलविर वाइवा लामा,कमल खड्का र किरण राई समेतले यस कार्यालयमा गरेको करिव एकै मिलानको बकपत्र ।

## यस कार्यालयको ठहर

१९. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी अनिल भन्ने राजकुमार तामाङ्ग र प्र.सुरेशबहादुर लामाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५ बमोजिमको र प्रतिवादी संजिव राईले सोही ऐनको दफा ३(२) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

२०. यसमा मिति २०६८/१०/०२ को शुरु अभियोग पत्र र मिति २०६९/०१/१० को पूरक अभियोग पत्र भएको मिसिल संलग्न कागज प्रमाणहरु संयुक्त रुपमा अध्ययन गरी प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्धान अधिवक्ता त्रय भुमिनन्द चुडाल, गिरीराज दाहाल र इश्वरीप्रसाद सापकोटाको वहस समेत सुनी निर्णय तर्फ विचार गर्दा मिति २०६८/०९/०७ को वरामदी मुचुल्कामा उल्लेखित सिक्सर रिभल्वर थान १ र सो को गोली राउण्ड ४ प्रतिवादी अनिल लामा भन्ने राजकुमार तामाङ्गबाट वरामद भएको तथ्यलाई स्वयम प्रतिवादीहरुले इन्कार गर्न नसकेको, प्र.सुरेश भन्ने सुरेशबहादुर लामा प्र. राजकुमार तामाङ्ग सगै पक्राउ भएको,साथै वरामदी मुचुल्कामा उल्लेखित हतियार प्र.श्याम राई भन्ने संजिव राईबाट प्र.सुरेशबहादुर लामाले विशाल

राईलाई दिन भनि लिई गएको,प्र.संजिव राइले उक्त हतियार र गोली विनोद थापामगरबाट प्राप्त गरेको कुरा प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयान समेतबाट देखिदा यी प्रतिवादीहरु श्याम राइ भन्ने संजिव राई,अनिल भन्ने राजकुमार तामाङ्ग र सुरेश भन्ने सुरेशबहादुर लामाको आपसी मिलोमतो र समान संलग्नतामा वरामदी मुचुल्कामा उल्लेख भएको सिक्सर पेस्तोल थान १ र सो को गोली राउण्ड ४ विना इजाजत आफुहरुसँग राखी, साथमा लिई हिडी, विक्री गर्ने मनसाय गरी प्रतिवादी श्याम राई भन्ने संजिव राई,अनिल भन्ने राजकुमार तामाङ्ग र सुरेश भन्ने सुरेशबहादुर लामाले हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ५(१) अनुसारको कसुर अपराध गरेको ठहर्छ। सो ठहर्नाले सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी श्याम राई भन्ने संजिव राई,अनिल भन्ने राजकुमार तामाङ्ग र सुरेश भन्ने सुरेशबहादुर लामालाई जनही ३ (तीन) वर्ष कैद सजाय हुन्छ। अभियोग पत्रसाथ पेश हुन आएको सिक्सर रिभल्वर थान १ र सो को गोली राउण्ड-४ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु। अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ।**

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी श्याम राई भन्ने संजिव राई,अनिल भन्ने राजकुमार तामाङ्ग र सुरेश भन्ने सुरेशबहादुर लामालाई जनही ३ (तीन वर्ष ) कैद सजाय हुने ठहरी फैसला भएकोमा प्रतिवादीहरु मध्य प्र.अनिल भन्ने राजकुमार तामाङ्ग र प्र.सुरेश भन्ने सुरेशबहादुर लामा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६८/०९/०७ देखी र प्रतिवादी श्याम राई भन्ने संजिव राई मिति २०६८/१२/१४देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदिपूर्जी दिई कैदमा राख्नु ..........................................................................................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू .................................... .... .......................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.....................................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .......................................................................५

..................................

(बसन्त राज गौतम)

प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ १३ गते रोज २ शुभम् ......................................................................